# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

1969 to 2029 ECHO OF HIS CALL SINCE 1969

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXVI | YEAR OF OUR LORD JESUS CHRIST, 2026 MAY | No. 05


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

### हितोपदेश ३१:२३-३१

२३. तिनका पति सहरको मूल ढोकामा सम्मानित हुन्छन्, जहाँ उनी मुलुकका पाकाहरूसँग बसेका हुन्छन् ।

२४. तिनले सूती कपडाका वस्त्रहरू बनाउँछिन् र ती बिक्री गर्छिन् र व्यापारीहरूलाई पटुकाहरू उपलब्ध गर्छिन् ।

२५. तिनी सामर्थ्य र प्रतिष्ठाले सुशोभित हुन्छिन् र आउने दिनहरूका बारेमा तिनी हाँस्न सक्छिन् ।

२६. तिनी बुद्धिसँग बोल्छिन् र तिनको जिब्रोमा विश्वासयोग्य उपदेश हुन्छ ।

२७. तिनी आफ्नो परिवारका कारोबारको रेखदेख गर्छिन् र आलस्यको रोटी खाँदिनन् ।

२८. तिनका छोरा-छोरीहरू खडा भएर तिनलाई धन्य भन्छन्, तिनका पतिले पनि यसो भनेर तिनको प्रशंसा गर्छन्

२९. धेरै स्त्रीहरूले उत्तम कुरा गर्छन् तर तिनीहरू सबैलाई तिमीले जितेकी छ्यौ ।

३०. सौन्दर्य भ्रमात्मक हुन्छ र सुन्दरता उडिजाने हुन्छ तर परमेश्वरको भय मान्ने स्त्रीको नै प्रशंसा गरिनुपर्छ ।

३१. तिनले कमाएको इनाम तिनैलाई दिनू र तिनका कामले सहरको मूलढोकामा नै तिनलाई प्रशंसा ल्याऊन् ।

## तपाईंको मौन धैर्यता परमेश्वरको प्रतिज्ञा गरिएको आनन्दमा परिणत हुनेछ

### Your Silent Endurance Will Blossom Into God's Promised Joy!

बहिनी एन्जलीन



**बोलावटको प्रतिध्वनि सेवकाइहरूका** फैलिएका सम्पूर्ण सदस्यहरूमा हाम्रो मुक्तिदाता र प्रभु, येशू ख्रीष्टको नाउँमा अभिवादन ।

आमा दिवस अर्को एउटा स्पष्ट अवसर मात्रै होइन, मौनतामा आफ्नो बोझ बोक्ने, बिना गनगन सहने र प्रायः आफ्नो सपनालाई एकातिर राखी अरूको सपनालाई साँचो बनाउने महिलालाई पहिचान गर्ने र सम्मान गर्ने समय हो ।

जब म आमाको बारेमा बोल्छु, आफ्नो जैविक सन्तान भएका महिलालाई मात्रै म समावेश गर्दिनँ । म आत्मिक रूपमा हुर्काउने आमा र हरेक महिलालाई पनि सम्मान गर्छु, जसले बोक्नुहुन्छ, पालन गर्नुहुन्छ, बचाउनुहुन्छ र निरन्तर विश्वास गर्नुहुन्छ- कुनै पनि कुराले चोट पुर्‍याए पनि । धेरै परिवारहरूमा आमाको भूमिका प्रेमिलो तरिकाले निभाउनुहुने बुबाहरूलाई पनि म कृतज्ञता प्रदान गर्न चाहन्छु ।

तपाईं हरेकलाई आमा दिवसको शुभकामना ।

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

५ मिनेटको सन्देश

अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिनः बिहान २ बजे देखि

तामिल आइतवार सेवा बिहान ८:३० बजे

★ Please Subscribe and Share ★

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)
Estd. 1969



# तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

## ...पुनरुत्थान र जीवन म नै हुँ... (यूहन्ना ११:२५)।

प्रभुमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्टको अमूल्य नाउँमा तपाईंलाई अभिवादन ।

गत महिना हाम्रा सेवकाइहरूद्वारा धेरै जना आशिषित हुनुभयो र पाप, गरिबी र रोगबाट छुटकारा पाउनुभयो । यी सेवकाइहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समावेश हुनुभएको हरेकलाई प्रभुले आशिष् देऊन् । यस संसारमा प्रभुको महिमा प्रकट गर्न उहाँले हामीलाई सृष्टि गर्नुभएको छ **त्यस जातिलाई, जसलाई मेरो प्रशंसाको घोषणा गरून् भनेर मेरो निम्ति मैले बनाएँ** (यशैया ४३:२१) ।



*Vacation Bible School (VBS) Training Programme at our Main Church*

उहाँको निम्ति काम गर्नेहरूका निम्ति ठूलो इनाम पर्खिरहेको छ । प्रभुले प्रतिज्ञा गर्नुभएको छ **... म मानिसहरूलाई तेरो सट्टामा र जाति-जातिहरूलाई तेरो जीवनको सट्टामा दिनेछु** (यशैया ४३:४) ।

यो वर्ष अप्रिल- मईको समयमा भेकेसन बाइबल स्कुल सेवकाइमा संलग्न भएकाहरूका निम्ति भेकेसन बाइबल स्कुल तालिम कार्यक्रम हाम्रो मुख्य मण्डलीमा १९ मार्चमा संचालन भएको थियो । विभिन्न मण्डलीहरूबाट करिब १५० जना सहभागीहरू सहभागी भएका थिए र आशिषित भएका थिए ।

यस्तो तैयारी गरिने तालिमको परिणामस्वरूप भेकेसन बाइबल स्कुल कार्यक्रम बिना कुनै साम्प्रदायिक भेदभाव बालबालिकाहरूका निम्ति भारतभरि नै विभिन्न मण्डलीहरूमा संचालन गरिएको थियो । बालबालिकाको सेवकाइमा संलग्न भएका मिसनहरू, मण्डलीहरू र व्यक्तिहरूलाई सहायता र प्रार्थना गर्नु हाम्रो मुख्य जिम्मेवारी हो । **वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस...** (२ तिमोथी ४:२) ।

भेकेसन बाइबल स्कुल शक्तिशाली औजार भनी प्रमाणित भएको छ । आफ्नो बाल्यकालको समयमा भारतमा भएका धेरै शिक्षाविदहरू, उद्योगपतिहरू र राजनैतिक नेताहरू सहभागी भएका छन् ।

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

समर्पण, प्रेम र दर्शनको साथमा भेकेसन बाइबल स्कुल सेवकाइहरूमा सेवा गर्नेहरूले निश्चय नै हाम्रो देश र संसारको भविष्यको निम्ति परमेश्वरलाई मन पर्दो पुस्ता खडा गर्नेछ । यो जिम्मेवारी पूरा गर्न असफल भएमा सुसमाचारलाई विरोध गर्ने हठी पुस्ता खडा हुन सक्नेछ ।

कृपया हामीलाई तपाईंको प्रार्थनामा उचाल्नुहोस् कि प्रभुले हामीलाई चुनौतीपूर्ण समयमा बलियो बनाउनुभएको होस् र हरेक बाधामाथि विजय बन्न सहायता गर्नुभएको होस् । निरन्तरको सहायता, समर्पित कर्मचारीहरू, उपयुक्त राजनैतिक वातावरण र उहाँको विशेष अभिषेक र आशिष्‌जस्ता क्षेत्रमा परमप्रभुको उपलब्धताको निम्ति हामी उहाँतिर हेर्दछौं ।

तपाईंसँग अनुग्रह । आमेन ।

ख्रीष्ट येशूमा तपाईंको सेवक,

*पा. एस. साम सेल्भाराज,*

इमेल: sam@echoofhiscall.org

पृष्ठ १ बाट

## आमाको रूपमा परमेश्वर:

बाइबलले प्रायः परमेश्वरलाई बुबाको स्वरूपमा प्रयोग गरेको छ । तापनि, पवित्रशास्त्रले आमाको कल्पनाबाट परमेश्वरको वास्ता, पोषण र करुणालाई पनि प्रकट गरेको छ ।

- **एउटी आमाले बच्चालाई वास्ता गरेझैं परमेश्वरले आफ्ना मानिसहरूको वास्ता गर्नुहुन्छ** (यशैया ६६:१३) ।



- **आफ्नो बच्चालाई पोषण गर्ने स्याहार गर्ने आमाको रूपमा परमेश्वरलाई देखाइएको छ** (यशैया ६६:११) ।
- **आफूले प्रेम गरेकाहरूलाई सुरक्षाको प्रदर्शन गर्दै आफ्ना बच्चाको सुरक्षा गर्ने डरलाग्दो आमाजस्तै परमेश्वर हुनुहुन्छ** (होशे १३:८) ।
- **एउटी आमाले आफ्नो बच्चालाई बिर्सन सक्छे तर उहाँले आफ्ना मानिसहरूलाई कहिल्यै बिर्सनुहुनेछैन भनेर परमेश्वरले घोषणा गर्नुहुन्छ** (यशैया ४९:१५) ।
- **जसरी कुखुराले आफ्ना चल्लालाई आफ्नो पखेटामुनि जम्मा गरेझैं परमेश्वरले आफ्ना सन्तानलाई भेला गर्ने र सुरक्षा गर्ने चाहना राख्नुहुन्छ** (मत्ती २३:३७) ।

परमेश्वरको प्रेममा दुवै बुबाको शक्ति र आमाको स्याहार समावेश भएको छ भनेर यी खण्डहरूले हामीलाई सम्झना दिलाउँछ । हामीले परमेश्वरको स्याहार गर्ने र पोषण गर्ने गुणको बारेमा निरन्तर भन्दै जान सक्छौं, जसले उहाँका सन्तानप्रति उहाँको गहन र करुणामयी हृदय प्रकट गर्दछ ।

## सारा हाँसिन्:

पवित्रशास्त्रमा भएका हरेक आमाले त्यस्तो क्षण अनुभव गरेका थिए, जब परमेश्वरले असामान्य प्रतिज्ञाको साथमा तिनीको जीवनको सामान्य लयमा उहाँ प्रवेश गर्नुभएको थियो । साराको निम्ति त्यो क्षण तब तिनको पालको प्रवेश गर्ने स्थानमा आयो ।

बाइबलले उत्पत्ति १८:१२ मा अभिलेख गर्दछ: **यसकारण सारा मनमनै यसो भन्दै हाँसिन, म वृद्ध भइसकेकी छु र मेरा पति पनि वृद्ध भइसक्नुभएको छ र के मलाई यो सुख हुन्छ र ?**

परमेश्वरले त्यो क्षण देख्नुभयो ।

त्यसै गरी, जब परमेश्वरले छोरा दिने प्रतिज्ञा गर्नुभयो, अब्राहाम पनि हाँसे । उत्पत्ति १७:१७ ले भन्दछ:

**तब अब्राहाम घोप्टो परी मनमनै हाँसेर भने, के सय वर्ष पुगिसकेकोलाई सन्तान होला ? नब्बे वर्ष पुगेकी साराले बालक जन्माउलिन् र ?**

एउटै प्रतिज्ञा सुनेर दुवै जना हाँसे पनि तिनीहरूका हाँसोप्रति परमेश्वरको प्रतिक्रिया भिन्न थियो । यहाँ, साराको हाँसोमा केन्द्रित गर्न म चाहन्छु ।

सारा हाँसेपछि परमेश्वरले समयहीन प्रश्न सोध्नुभयो:

**के परमेश्वरको निम्ति केही कुरा असम्भव छ र ?...** (उत्पत्ति १८:१४) ।

## अत्यन्तै जरुरी सूचना




निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India
Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org

कस्तो महान् अगमवाणी र उदाहरणीय प्रश्न । यो केवल प्रश्न होइन तर परमेश्वरको सीमाहीन शक्ति र सर्वोच्च अधिकारको शक्तिशाली घोषणा हो ।

***हामीले यहाँ के कुरा ध्यान दिएका छौं भने:***

- सारा हाँसिन् ।
- ठूलो आवाजमा होइन ।
- सार्वजनिक रूपमा होइन ।
- तर मनमनै आफैभित्र ।

अनि तापनि, परमेश्वरले त्यो सुन्नुभयो ।

यो सन्देश हरेक आमाको निम्ति हो - जैविक, गोद लिइएको, आत्मिक पर्खिरहेका, शोक गरिरहेका वा अझै विश्वास गरिरहेकाको निम्ति:

- बाहिरी रूपमा हाँस्ने तर नदेखिएको आँसु बोक्नेहरू
- आफ्नो हृदयमा शान्त निरासा वहन गर्नेहरू
- उमेर, समय वा पीडाको कारण आफ्ना सपना एकातिर राख्नेहरू
- नदेखिएको, प्रशंसा नगरिएको, बिर्सिएको वा सायद धेरै ढिला भइसक्यो भनेर महसुस गर्नेहरू

परमेश्वरका प्रिय सन्तानहरू, प्रभुले आमाको हृदयको लुकेका स्थानहरूसँग सामना गर्ने चाहना राख्नुहुन्छ - ती बाहिर उजागर गर्न होइन तर ती निको पार्न र पुनर्स्थापित गर्न ।

## १. आमाहरूले मनमनै हाँस्नुहुन्छ

बाइबलले उत्पत्ति १८:१२ को पुस्तकमा बताउँछ, ...**सारा मनमनै हाँसिन्**... ।

आमाहरू मनमनै हाँस्न माहिर हुनुहुन्छ । हामीले बिरलै हाम्रा गहिरा भावनाहरू प्रकट गर्छौं वा बाँड्छौं । त्यसको साटो, हामीले प्राय: भन्छौं:

- मलाई ठीक छ, जब हामी पूर्णरूपमा थकित भएका हुन्छौं ।
- ठीकै छ, जब हामी गहिरो चोटमा हुन्छौं ।
- म अघि बढिसकें, जब हामी अझै पर्खिरहेका हुन्छौं ।
- मलाई अब त्यो खाँचो छैन, जब हाम्रा हृदयले अझै पनि त्यसलाई चाहना गरिरहेको हुन्छ ।

सायद त्यसैले मानिसहरूले प्राय: भन्छन् कि महिलाहरूलाई बुझ्न कठिन छ । हामीले यहाँ देख्छौं कि साराको हाँसो यस्तो हाँसो थियो:

- निरासा
- ढिलाइ
- पीडा
- आफ्नो सुरक्षा

तिनको हाँसो वर्षौंको शोक र निरासाले बनाएको थियो । ती चोट पाएका आँखा, तिखो र आरोप लगाउने शब्दहरू र तिनको अवस्थालाई आत्मिक बनाउन निरन्तरको प्रयास - आफैलाई श्राप भनी इंगित गरिएको सममा - आफैंलाई बचाउँदै, चिसो र भावनात्मक रूपमा लुकाइएकी भएर ती वर्षमा आफ्ना हृदयलाई बिस्तारै कठोर बनाएकी हुनुपर्छ ।

त्यसैले, जब तिनले अन्त्यमा परमेश्वरको प्रतिज्ञा सुनिन् - कि एक दिन तिनी आमा बन्नेछिन् - आफैभित्र उत्सव मनाउन केही बाँकी थिएन भनेर म विश्वास गर्दिनँ ।

आमाहरू मात्रै होइन, हामीमध्ये धेरै यही शान्त तरिकामा हाँस्छौं - परमेश्वरमाथि शंका गरेको कारण होइन तर हामीले आफ्ना हृदयलाई बचाइरहेको कारणले गर्दा हो ।

तापनि, यहाँ सुन्दर सत्यता रहेको छ: परमेश्वरले त्यो हाँसो सुन्नुभयो ।

यो हुँदै गर्दा सारा आफ्नो पालभित्र थिइन् । तिनको हाँसो लुकिएको थियो, मानिसको आँखाबाट देखिएको थिएन तापनि, परमेश्वरले त्यो देख्नुभयो र त्यो सुन्नुभयो ।

अनि जब परमेश्वरले हाम्रो जीवनमा त्यस्तो क्षणहरूको सामना गर्नुहुन्छ, उहाँले हामीलाई शर्ममा पार्न त्यस्तो गर्नुहुन्न - तर हामीलाई निको पार्न ।

## २. परमेश्वरले आमाको शंकालाई चुनौति दिनुहुन्छ ।

अब्राहामको हाँसो र साराको हाँसोको बीचमा अचम्मलाग्दो भिन्नता रहेको छ । अब्राहाम यो समाचारमा आनन्दको साथमा अचम्म मान्दै आश्चर्यमा हाँसेका थिए । तापनि, सारा पीडा र निरासाबाट हाँसेकी थिइन् ।

परमेश्वरले सारालाई किन सोध्नुभयो, सारा किन हाँसिन् ?

तिनी किन हाँसेकी थिइन् भनेर के परमेश्वरलाई थाहा थिएन ? उहाँले तिनको पीडा बुझ्नुहुन्न भनेर के तपाईंले सोच्नुहुन्छ ?

नयाँ करारमा पनि, जब येशू ख्रीष्टले अन्धो मानिसलाई निको पार्न लाग्नुभएको थियो, उहाँले उस्तै प्रकारको प्रश्न सोध्नुभयो । मर्कूस १०:५१ मा उहाँले भन्नुभयो, **तिमी के चाहन्छौ, म तिम्रो निम्ति के गरूँ ?** त्यस अन्धो मानिसले उहाँलाई भन्यो, रब्बी म दृष्टि पाऊँ । उसले अरू के माग्न सक्थ्यो र ?

परमेश्वरलाई थाहा छैन भनेर यस्तो प्रश्न हामीलाई सोध्नुभएको होइन तर किनभने - साराजस्तै - अविश्वास कसरी र कहिले हाम्रो हृदयमा चुपचाप बसेको हुन्छ भनेर हामीले थाहा नगरेका हुन सक्छौं ।

परमेश्वरले तुरुन्तै सारासँग सामना गर्नुभयो:

**...बूढी भएर पनि मैले छोराछोरी पाउने भनेर सारा किन हाँसी ?** (उत्पत्ति १८:१३) ।

उहाँको हप्काइ दण्ड थिएन - त्यो जागृति थियो । कहिलेकाहीं आमाको विश्वास पुन:जागृत गर्न तिनीसँग परमेश्वरले सामना गर्नुहुन्छ ।

प्रिय मित्रहरू, याद राख्नुहोस्: परमेश्वरले हामीसँग सामना गर्नुहुन्छ

- हामीले अझै पनि प्रार्थना गरिरहेको बच्चाको निम्ति
- हामीले आशा गर्न छोडेका प्रतिज्ञाको निम्ति
- हामीले विश्वास गर्न छोडेका पहिचानको निम्ति
- हामीले बिस्तारै हरेस खाएका भविष्यको निम्ति
- हामीले गुमाएका सपनाहरूका निम्ति
- उहाँले बन्द भएको कोखलाई खोल्दै हुनुहुन्थ्यो ।

उहाँले बेहोस भएको विश्वासलाई जागृत गरिरहनुभएको थियो ।

बाँकी पृष्ठ ६ मा

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)



## प्रशंसा र प्रार्थनाको बुँदाः मई १९ देखि जून १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

मई १९: हाम्रा मिसन कर्मचारीहरूले प्रदर्शन गर्नुभएको गहिरो समर्पणप्रति

मई २०: हाम्रा कर्मचारीका परिवारमाथि उहाँको प्रशस्त आशिष्को निम्ति ।

मई २१: कोलाहल र लडाईंको भयको बीचमा सबै देशहरूमाथि ईश्वरीय आशिष्को निम्ति ।

मई २२: राजनैतिक र धार्मिक विरोध भए पनि हाम्रो ख्रीष्टियान सेवकाइको वृद्धि र सुरक्षाको लागि ।

मई २३: समाजको हरेक क्षेत्रमा महिलाको उन्नति र सबलीकरणको निम्ति ।

मई २४: समर्पित कर्मचारीहरूले सहायता गरिएको हाम्रो सुसमाचारीय छापाखानाको निरन्तरता र प्रभावकारी संचालनको निम्ति ।

मई २५: हाम्रो आवासीय र साँझको नहेम्याह बाइबल कलेजहरूमा भर्ना भएका नया विद्यार्थीहरूका निम्ति ।

मई २६: हाम्रो **नहेम्याह बाइबल कलेजहरूमा** भएका समर्पित संकाय सदस्यहरूमाथि आशिष्को निम्ति ।

मई २७ हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा संचालन भएका आइतवारका सेवाहरूका निम्ति ।

मई २८: हाम्रो **बाइबल पत्राचार कोर्स (बाइबलकोर)** र ईश्वरशास्त्रीय पत्राचार कोर्सको प्रगतिको निम्ति ।

मई २९: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूका सम्पूर्ण सदस्यहरूमाथि आशिष्को निम्ति ।

मई ३१: हाम्रो प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू, आग्रह गर्ने साझेदारहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको कृपाको निम्ति ।

जून १: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूले संचालन गरेको सम्पूर्ण **भेकेसन बाइबल स्कूलहरूमाथि** आशिष्को निम्ति ।

जून २: शैक्षिक सत्र २०२६-२०२७ को निम्ति **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** भएको भर्नामा आशिष्को निम्ति ।

जून ३: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** कक्षा १० का विद्यार्थीहरूका राम्रो परिणामको साथमा हामीलाई दिनुभएको आशिष्को निम्ति ।

## कृपया प्रार्थना गरौं...

जून ४: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारमाथि परमप्रभुको आशिष् निरन्तर रहोस् ।

जून ५: हरेक सम्भव मार्ग र तरिकामा हाम्रो सेवकाइको विस्तार भएको होस् ।

जून ६: प्रार्थना र आर्थिक सहायताबाट हाम्रो सेवकाइहरूलाई विश्वासयोग्य रूपमा उचाल्नुहुने हाम्रा सहयोगीहरू, शुभचिन्तकहरू र मित्रहरूका निम्ति ।

जून ७ संसारभरि रहेका राष्ट्रपतिहरू, प्रधानअध्यापकहरू र सबै सरकारी अधिकारीहरूका निम्ति ।

जून ८: अमेरिका र इरानको द्वन्द्वबाट प्रभावित भएका देशहरूका निम्ति, तिनीहरूले आफ्ना पूर्वाधारहरू पुनःनिर्माण गरून् र चाँडो यस अवस्थाबाट निस्कून् ।

जून ९: विश्वभरि **भेकेसन बाइबल स्कूलमा** सहभागी भएका सम्पूर्ण बालबालिकाहरू आफ्नो विश्वासमा स्थिर भएर वृद्धि हुन सकून् ।

जून १०: संसारभरि भइरहेका लडाईंको अन्त्य र शान्ति छाएको होस् ।

जून ११: शैक्षिक सत्र २०२६-२०२७ को निम्ति **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

जून १२: शैक्षिक सत्र २०२६-२०२७ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजहरूमा** योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

जून १३: हाम्रा कर्मचारी र उहाँ परिवारको सुस्वास्थ्यको निम्ति ।

जून १४: सबै ख्रीष्टियान संस्थाहरूमा परमेश्वरको आशिष् र सुरक्षाको निम्ति ।

जून १५: हाम्रा बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार नपुगेका स्थानहरूमा सुसमाचार फैलाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

जून १६: पृथ्वीमा परमेश्वरको राज्य बिस्तार गर्ने ठूलो दर्शन उहाँले हामीलाई दिनुभएको होस् ।

जून १७ संसारमा भएका जवान र बालबालिकाहरूले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा स्वीकार गरून् ।

जून १८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारमा सुस्वास्थ्य, सुरक्षा र अगुवाइको निम्ति ।

....Contd. from page 4

## ३. परमेश्वरको वचनले आमालाई कुनै पनि स्थानमा खोज्दछ

परमेश्वरले हामीलाई हामी जहाँ भए पनि देख्नुहुन्छ भन्ने तथ्यलाई म प्रेम गर्छु । अब्राहाम पालबाहिर थिए, जबकि सारा भित्री थिइन् । तापनि परमेश्वर त्यो स्थानमा नै बोल्नुभयो ।

सोही तरिकामा येशू ख्रीष्टले नथानेललाई अञ्जीरको रुखमुनि देख्नुभएको थियो ।

परमेश्वरले सारालाई पालबाट बाहिर आउ भनेर बोलाउनुभएन ।

तिनी भएकै स्थानमा उहाँ बोल्नुभयो । आमेन । हामी जहाँ भए पनि परमेश्वर हामीसँग बोल्नुहुन्छ ।

हामीमध्ये धेरै जना लुकेर बस्छौं - कामसँगै थकित भएका, निरन्तर कसैलाई वास्ता गरिरहेका र शान्त भएर आफ्ना जिम्मेवारीहरू बोकिरहेका हुन्छौं ।

तापनि परमेश्वरले आमाहरूसँग बोल्नुहुन्छ

- भान्सामा
- कारमा
- काम गर्ने स्थानमा
- प्रार्थना गर्ने स्थानमा
- अस्पतालका कोठाहरूमा
- मध्यरातको आँसुमा
- शान्त लडाइँमा
- तोडिएको सपनाहरूका बीचमा

परमेश्वरका प्रिय सन्तानहरू, आशा नगुमाउनुहोस् । तपाईं जहाँ भए पनि उहाँले तपाईंलाई देख्नुहुन्छ । तपाईं आफ्नो परिवार, साथीहरू वा संसारबाट लुक्नुभएको हुन सक्छ - तर तपाईं परमेश्वरबाट लुक्न सक्नुहुन्न । उहाँले हामीलाई आमाको दयालु व्याहारको साथमा हेर्नुहुन्छ ।

## ४. प्रतिज्ञा आउनुअघि परमेश्वरले आमाको हृदयलाई पुनर्स्थापित गर्नुहुन्छ



***Faith had to be conceived in Sarah's heart***

साराको गर्भमा इसहाक गर्भाधारण हुनुअघि तिनको हृदयमा विश्वास गर्भाधारण हुनुपर्ने थियो । साराले मानव जातिको निम्ति परमेश्वरको महान् प्रतिज्ञा बोक्न लागेकी थिइन् । यो हुनुभन्दा अघि परमेश्वर तिनीसँग काम गर्नुपर्ने थियो ।

परमेश्वरले तिनलाई सोध्नुभयो, परमेश्वरको निम्ति कुनै कुरा गाह्रो छ र ?

यो क्षमताको प्रश्न थिएन, त्यो स्थानको प्रश्नको थियो ।

**परमेश्वरले भनिरहनुभएको थियो:**

- ***आमा, तिम्रो हृदयलाई चङ्गाइ गर्नुपरेको छ ।***
- ***तिम्रो आशा पुनर्स्थापित गर्नुपरेको छ ।***
- ***तिम्रो विश्वासलाई जागृत गर्नुपरेको छ ।***
- ***तिम्रो आत्मा पुनः खोल्नुपरेको छ ।***
- ***मैले असम्भव काम गर्न सक्छु भनेर तिमीले विश्वास गर्न सुरु गरेको म चाहन्छु ।***

प्रिय परमेश्वरका सन्तानहरू, हामीले विश्वास नगरेका कुनै पनि कुरा हामीले जन्म दिन सक्दैनौं ।

बारम्बार र दीर्घकालीन चोटको कारण आशा हराएका र मरिसकेको अनुभव गर्ने हामीमध्ये केहीसँग परमेश्वर बोलिरहनुभएको छ । म तपाईंलाई उत्साह दिन चाहन्छु आफ्नो योजनासँग हामीलाई मिलाउन परमेश्वरले हामीलाई पर्खिरहनुभएको छ । तपाईंको दर्शन परमेश्वरको दर्शनसँग मिलिरहेको छैन भने हाम्रो जीवनमा उहाँले गर्न चाहनुभएको काम उहाँले गर्न सक्नुहुन्न ।

अहिले हामीमध्ये केहीको जीवनमा परमेश्वरले काम गरिरहनुभएको छ । उहाँको प्रतिज्ञा पूरा हुन पर्खिरहँदा परमेश्वरलाई शंका गर्ने वा निरुत्साहित बन्नुभन्दा पनि आफैंलाई पुनःजाँच गरौं र उहाँको इच्छासँग हाम्रो जीवनलाई मिलाऔं ।

## ५. परमेश्वरले आमाको शंकालाई आमाको लक्ष्यमा परिणत गर्नुहुन्छ

यो महिना, म प्रार्थना गर्छु कि परमेश्वरले हाम्रा शंकाहरू हाम्रो लक्ष्यमा परिणत गर्नुहुनेछ । साराले एक पटक परमेश्वरको प्रतिज्ञामा शंका गरेकी थिइन् तर परमेश्वरले तोकिएको समयमा वरपर भएका हरेक थोक परिवर्तन गर्नुभयो । म प्रार्थना

बाँकी पृष्ठ ९ मा

नहेम्याह सांझको बाइबल कलेज
भर्नाको लागि छिटो गर्नुहोस् । चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology
माध्यम: तामिल (Part Time) Hindi (Residential) (Sponsorship Available)
योग्यता: दश कक्षा र सोभन्दा माथि
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
विगत ५६ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
ECHO OF HIS CALL

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Youth Meeting : 11.00 a.m. Sunday**
18. **Fellowship Lunch : 1.00 p.m. Sunday**
19. **Telugu Service : 4.00 p.m. Sunday**
20. **Hindi Service : 5.00 p.m. Sunday**
21. **Tamil & English Service : 6.00 p.m. Sunday**
22. Feedback Time : 7.30 p.m. Sunday
23. Women's Prayer : 5.30 p.m. Wednesday
24. Hindi Prayer : 7.00 p.m. Wednesday
25. Men's Prayer : 7.30 p.m. Friday
26. Discipleship Meeting : 6.00 p.m. Saturday
27. House Meetings : 6.30 p.m. Tuesday & Thursday
28. Special Holy Communion : 6.00 a.m. 1st day of each month
29. Ministers' Meeting : 5.30 p.m. First Saturday
30. Parents' Prayer : 4.00 p.m. First Sunday
31. Night Prayer : 9.30 p.m. Third Friday
32. Fasting Prayer : 9:30 a.m. Second Saturday
33. Holy Communion : Second Sunday Service
34. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
35. Staff Devotion : 9.00 a.m. daily
36. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैह्रख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/- लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले सेवकाइमा प्रमाणपत्र पाउनुहुनेछ।

बिस्तृत जानकारीको लागि:

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईंले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/ चेकहरू/ मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।

## ... परमप्रभुमा भरोसा राख्ने मानिसले आशिष् पाउनेछ (हितोपदेश १६:२०) ।

मेरो सेवकाइको सुरुवातका वर्षपछि ख्रीष्टियान सेवकहरू विदेशी देशमा कसरी बसोबास गर्छन् भनेर बुझ्ने गहिरो चाहना ममा विकास भयो - आफ्नो आत्मिक जीवनलाई तिनीहरूले कसरी विकास गर्छन् र आफ्नो सेवकाइ कसरी अगाडि लैजान्छन् । तापनि, ती दिनहरूमा मसँग आर्थिक स्रोतहरू, सर्वसाधारणको सहायता र मेरो आफ्नै आत्मिक क्षमताहरूमा आत्मविश्वासको पनि कमी थियो । मैले १९८९ मा मेरो डायरीमा मेरा योजनाहरू अभिलेख गर्दैगर्दा मैले अगस्तको महिनामा मलेसिया भ्रमण गर्नेछु भनेर आफैले लेखेको भेट्टाएँ । त्यसपछि करिब तीन महिनासम्म यसको बारेमा मैले पूर्णरूपमा बिर्सिएको थिएँ । एक दिन, जब मैले फेरि आफ्नो डायरीलाई हेरेको थिएँ, मैले लेखेको मिति चाँडै नै आइरहेको थियो भनेर मैले थाहा गरें । म अन्योलमा परें र के गर्ने भनेर मलाई थाहा थिएन, त्यसैले मैले यो विषय प्रार्थनामा प्रभुको अघि समर्पित गरें ।

> **कुनै कुरामा चिन्तित नहोओ तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्** (फिलिप्पी ४:६) ।

दिनहरू बित्दै गए तापनि केही पनि भएन । म विदेश जान र सेवकाइ गर्न योग्यको थिइनँ भनेर म पूर्णरूपमा विश्वास्त थिएँ । तापनि, परमेश्वरमा मेरो विश्वार मैले गुमाइनँ ।

त्यो समयमा, परमेश्वरको वचन सेवकाइ गर्न मलेसियाजस्तो देशहरूमा बारम्बार यात्रा गरिरहने एक जना भाइलाई भेट्ने अवसर मैले पाएँ । विदेश जाने मेरो चाहना उहाँसँग मैले बाँडे । अतिरिक्त सल्लाहको निम्ति चेन्नाइमा भएको उहाँको घरमा भ्रमण गर्न उहाँले मलाई सल्लाह दिनुभयो । सोहीअनुसार एक दिन बिहानै उहाँलाई भेट्न मैले लामो यात्रा गरें । तापनि उहाँ अर्को काममा व्यस्त हुनुहुन्छ भनेर मलाई बताउनुभयो र अर्को दिन आउन मलाई भन्नुभयो । जब म फेरि उहाँकहाँ गएँ, मलाई अर्को दिन आउन भन्नुभयो । यो प्रक्रिया करिब एक महिनासम्म भइरह्यो, जमा मैले धेरै समय र पैसा खर्च गरें । पछि मैले थाहा पाएँ कि मलाई सहायता गर्ने उहाँको कुनै इच्छा थिएन ।

पछि उहाँले मलाई सिधै भन्नुभयो, तपाई मलेसिया जान सक्नुहुन्न । केवल मजस्ता वरदान पाएका र योग्य व्यक्ति जान सक्छन् । तपाईंलाई मलेसियामा कसैले पनि स्वीकार गर्नुहुनेछैन । मकहाँ फेरि नआउनुहोला ।

यस्ता निराशा भए पनि मैले आशा गुमाइनँ । मैले निरन्तर प्रार्थना गरें र परमेश्वरको इच्छा पूरा हुनको निम्ति मैले धैर्यतापूर्वक पर्खिएँ ।

दुई हप्तापछि जब मेरो कार्यालयमा मैले पत्रहरू हेरिरहेको थिएँ, मैले एउटा पत्र मलेसियाबाट आएको पाएँ । उहाँ स्वर्गीय पास्टर देभाराजुलु हुनुहुन्थ्यो, जसले त्यहाँ सेवकाइ गर्नुहुन्थ्यो । उहाँको पत्र यस्तो थियो:

***ख्रीष्टमा प्रिय मेरो भाइ साम सेल्भाराज,***

***मलाई तपाईंका पुस्तकहरू मन पर्छ र आज म पुरानो पुस्तकहरू बेचिने पसलमा गएको थिएँ । मैले त्यहाँ कुनै उपयोगी कुराहरू खोजिरहँदा मैले तपाईंको पत्रिका बोलावटको प्रतिध्वनिको च्यातिएको प्रति भेटेको थिएँ । जब मैले त्यो पढ्न सुरु गरें, तब तपाईंबाट भएर प्रभु प्रत्यक्ष रूपमा बोलिरहनुभएको मैले महसुस गरें ।***

***कृपया तपाईंका अघिल्ला प्रतिहरू पनि मलाई पठाइदिनुहोला, म सबै हुलाकका खर्चहरू व्यहोर्नेछु । म तपाईंलाई व्यक्तिगत रूपमा भेट्न पनि चाहन्छु । यहाँ मलेसियामा म तपाईंको यात्रा, खाना र बसाईंको खर्च व्यहोर्न र मिलाउन चाहन्छु । यसका अतिरिक्त, सिंगापुर र इन्डोनेसियामा तपाईंको निम्ति सेवकाइ गर्न व्यवस्था पनि मिलाउनेछु । हामीलाई तपाईंजस्तै परमेश्वरका सेवकहरूको खाँचो छ । कृपया छिटो प्रतिक्रिया दिनुहोला ।***

***प्रेमको साथमा,***
***पास्टर देभाराजुलु***

जसरी मैले मेरो डायरीमा लेखेको थिएँ, स्वर्गीय पास्टर देभाराजुलुको निम्तोद्वारा १९८९ सालको अगस्त महिनामा मैले मलेसिया भ्रमण गर्ने अवसर पाएँ । त्यहाँबाट मैले सिंगापुर र इन्डोनेसियामा पनि यात्रा गरें, जहाँ मैले सैयौंलाई पाप, श्राप, गरिबी, र प्रभु येशू ख्रीष्टद्वारा प्रदान गरिएको छुटकाराको बारेमा प्रचार गरें । ती देशहरूमा भएका धेरै सेवकहरूका साथमा बलियो मित्रता निर्माण गर्न प्रभुले मलाई अनुग्रहपूर्वक सक्षम बनाउनुभयो- जुन मित्रता आजको दिनमा पनि निरन्तर रहेको छ ।

*************

उहाँको प्रशस्तको अनुग्रहमा प्रभुले दक्षिण अफ्रिका, अमेरिका, बेलायत, स्कटल्याण्ड, फ्रान्स, जर्मनी, स्वीट्जरल्याण्ड, क्यानाडा, अस्ट्रेलिया र श्रीलङ्काजस्ता देशहरू भ्रमण गर्न मेरो निम्ति ढोकाहरू खोल्नुभयो। मैले येशू ख्रीष्टको बारेमा हजारौंलाई प्रचार गर्ने अवसर प्राप्त गरेको छु।

आज, समयको पाबन्दीको कारण मैले स्वीकार गर्न सक्नेभन्दा धेरै देशहरूबाट निम्तोहरू मैले प्राप्त गर्छु। यस्तो अवस्थासम्म परमेश्वरले मलाई आशिष् दिनुभएको छ।

प्रिय पाठकहरू, मैले घोषणा गर्ने प्रभु येशू ख्रीष्ट साँचो परमेश्वर हुनुहुन्छ। उहाँ नै बाटो, सत्य र जीवन हुनुहुन्छ। उहाँमा भरोसा गर्नुहोस्। उहाँको सेवामा आफैंलाई समर्पित गर्नुहोस्। उहाँले तपाईंलाई अचम्मका मार्गहरूमा अगुवाइ गर्नुहुनेछ र तपाईंको जीवनमा प्रशस्त आशिष् दिनुहुनेछ।

**जसले चट्टानलाई पानीको तालमा र ढुङ्गेनी पहाडलाई पानीको स्रोतमा परिवर्तन गर्नुभयो** (भजनसंग्रह ११४:८)।

******************

पृष्ठ ६ बाट

गर्छु कि यो तपाईंको नियुक्तिको समय पनि होऊन्।

उत्पत्ति २१:६ - **परमेश्वरले मलाई एउटा हाँस्ने कारण दिनुभयो। यो सुन्ने जति सबै मसँगै हाँस्नेछन्।**

- ☐ एक पटक शंकामा हाँस्ने सोही महिला अब लक्ष्यमा हाँस्छिन्।
- ☐ अविश्वासको साथमा कानेखुसी गर्ने सोही मुखले अब गवाहीको घोषणा गर्दछ।
- ☐ बाँझो भएको सोही गर्भले अब प्रतिज्ञा बोक्दछ।



परमेश्वरले परिणत गर्नुभयो:

- ☐ तिनको पीडालाई आनन्दमा
- ☐ तिनको शंकालाई विश्वासमा
- ☐ तिनको मौनतालाई उत्सवमा
- ☐ तिनको लुकेको हाँसो सार्वजनिक गवाहीमा

ठीक यही कुरा परमेश्वरले तपाईं र मेरो निम्ति गर्नुहुन्छ।

जब परमेश्वर यी आमाहरूको जीवनमा कदम राख्नुहुन्छ, केही असामान्य कुराहरू हुन्छ.

| | |
|---|---|
| **मरियम, येशू ख्रीष्टकी आमा** | **मुक्तिदाताको प्रतिज्ञा** |
| **शिमशोनकी आमा** | **छुटकाराकर्ताको प्रतिज्ञा** |
| **एलीशिबा, यूहन्नाकी आमा** | **जागृति गर्ने व्यक्तिको प्रतिज्ञा** |
| **सारा, इसहाककी आमा** | **नयाँ विरासतको प्रतिज्ञा** |

मित्रहरू, परमेश्वरले तिनीहरूको जीवनमा हस्तक्षेप गर्नुभएको र कोलाहल र अन्योलता सृजना गरेकोजस्तो तपाईंले देख्न सक्नुहुन्छ। तर सही समयमा - परमेश्वरले नियुक्त गर्नुभएको समयमा - उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो।

आशा नगुमाउनुहोस्। उहाँले तिनीहरूका निम्ति त्यो गर्न सक्नुभयो भने उहाँले तपाईंको निम्ति पनि गर्न सक्नुहुन्छ।

परमेश्वरले तपाईंलाई देख्नुहुन्छ र तपाईं जहाँ भए पनि उहाँले तपाईंका कुरा सुन्नुहुन्छ। तपाईं यो संसारको दृष्टिबाट लुकिएको हुन सक्नुहुन्छ तर तपाईं कहिल्यै पनि परमेश्वरको दृष्टिबाट लुक्न सक्नुहुन्न।

परमेश्वरले तपाईंको लुकिएको स्थानसँग सामना गरिरहनुभएको छ, तपाईंलाई उजागर गर्न होइन तर तपाईंलाई सुसज्जित पार्न हो। उहाँले सारालाई प्रश्न गर्नुभएझैं सोही प्रश्न तपाईंलाई पनि सोधिरहनुभएको छ

के परमप्रभुको निम्ति कुनै कुरा असम्भव छ?

आज, तपाईंको विश्वासलाई पुनः उठाउनुहोस्।

******************

**सूचना**

तपाईंको मोबाइलमा हाम्रा नम्बरहरू (+91) 98410 71858, (+91) 98412 71858 (मुख्य नम्बर) सेभ गर्नुहोला।

**सम्पादक**


**नहेम्याह बाइबल कलेज**

**बोलावटको प्रतिध्वनि इस्टिट्यूसन** (आवासीय - हिन्दी र साँझ - तामिल भाषा)

**२६ औं दीक्षान्त समारोह** **४ जूलाइ, २०२६ शनिवार, साँझ ५ बजे**



विशेष पाहुना:
रेभ. डा. एस.जे. किंगस्ले
(सीयोयो, जिजस कल्स)

**at Skidmore Hall,**
**Balar Kalvi Nilayam Hall, M.R.C. Centre,**
**5/6, Ritherdon Road,**
**Vepery, Chennai - 600 007.**

- **शैक्षिक सत्र २०२६-२०२७ को निम्ति भर्ना सुरु भएको छ**
- **कृपया योग्य विद्यार्थीहरूलाई सिफारिस गर्नुहोस्**
- **आवासीय पुरुष हिन्दी विद्यार्थीहरूका निम्ति छात्रवृत्ति उपलब्ध छ**
- **शैक्षिक सत्र २०२६-२०२७ का कक्षाहरू ०१.०६.२०२६ मा सुरु हुनेछ**

प्रार्थना गरिदिनुहोस् र सहभागी हुनुहोस्।

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

## OUR QR CODE:

ECHO OF HIS CALL

Scan to pay with any UPI app

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th MAY 2026.

If un-delivered please return to:

**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

## *JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**